# राष्ट्रिय समाचार समिति
# National News Agency
## Central Office

## २०७९ भदौ मासिक प्रगति विवरण

| | | |
|---|---|---|
| भदौ १ | **प्रवक्ता र सूचना अधिकारी** | महाप्रबन्धक सिद्धराज राईलाई राससका प्रवक्ता र सूचना अधिकारीको जिम्मेवारी दिइएको । |
| १ | **गुनासो सुन्ने अधिकारी** | गुनासो सुन्ने अधिकारीमा शीतलप्रसाद महतोलाई तोकिएको । |
| १ | **कार्यसम्पादन सम्झौता** | राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झा र महाप्रबन्धक सिद्धराज राईबीच आर्थिक वर्ष २०७९।०८०को कार्यसम्पादन सम्झौता भएको । |
| ६ | **रासस-एएनआई छलफल** | रासस र भारतीय समाचार संस्था एएनआईबीच लामो समयदेखि जारी सहकार्यलाई निरन्तरता दिने तथा राससले हालै परीक्षणका रूपमा प्रारम्भ गरेको श्रव्यदृश्य समाचार सेवालाई अझ प्रभावकारी बनाउनेबारेमा छलफल । मल्टिमिडियामा वैशिटचता हासिल गरेको उक्त संस्थामा राससका केही पत्रकारलाई श्रव्यदृश्य विधामा अल्पकालीन तालिमको व्यवस्था गर्न अनुरोध । एएनआई प्रतिनिधिद्वारा सकारात्मक जवाफ । |
| ७ | **वार्षिक कार्ययोजना सम्झौता** | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव रेखा पाण्डे र राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाबीच आर्थिक वर्ष २०७९।०८० को वार्षिक कार्यक्रमका लागि अनुदान रु. २ करोड ३० लाख निकासा दिनेसम्बन्धी सम्झौता भएको । |
| १३ | **रासस-हङकङ सेटलाइट टिभी साझेदारीको खोजी** | राससले हालै परीक्षणका रूपमा प्रारम्भ गरेको श्रव्यदृश्य समाचार सेवालाई प्रभावकारी बनाउन हङकङ सेटलाइट टेलिभिजनको काठमाडौं कार्यालयका प्रमुखसँग दुवै संस्थाबीच साझेदारी एवम् सहकार्यका निम्ति अवसरको खोजी तथा सम्भाव्यताबारे छलफल । |
| १५ | **कार्यसम्पादन सम्झौता** | राष्ट्रिय समाचार समितिका महाप्रबन्धक सिद्धराज राई र नायवमहाप्रबन्धक बीच आर्थिक वर्ष २०७९।०८० को कार्यसम्पादन सम्झौता भएको । |
| १६ | **सिन्ह्वासँग छलफल** | चिनियाँ समाचार समिति सिन्ह्वाका काठमाडौं ब्युरो प्रमुखसँग राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राइलगायत नायब महाप्रबन्धक र विभागिय प्रमुखहरुसँग आपसी सेवा विस्तारका विषयमा छलफल । |
| १८ | **रासस-पिटिआई परामर्श** | रासस र पिटीआईबीचको लामो समयदेखिको समाचार आदानप्रदान केही समयदेखि अवरुद्ध भएकाले द्विपक्षीय सम्झौतालाई समीक्षा गरी पुनः नवीकरण गर्न आवश्यक प्रक्रिया थाल्नेबारेमा विचारविमर्श । |
| २० | **चितवनमा तालिम केन्द्र निर्माणका लागि डिपिआर सम्झौता** | चितवनको भरतपुर-१० मा रासस तालिम केन्द्र भवन निर्माणका लागि डिपिआर तयार गर्न ग्रीन फेदर्स डिजाइन स्टुडियो प्रालिसँग सम्झौता भएको । |

RASTRIYA SAMACHAR SAMITI 2018

**राष्ट्रिय समाचार समिति**
**National News Agency**
**Central Office**

| | | |
|---|---|---|
| २६ | **श्रव्यदृश्य पत्रकारितासम्बन्धी तालिम** | श्रव्यदृश्य शाखाले २०७९ साउन १ गते सेवा प्रारम्भ भएपछि भएगरेका र सेवाग्राहीहरुको सुझाव समेटिएका करिब ६:१९ मिनेट लामो एक वृत्तचित्र तयार पारेको । सञ्चार तथा सूचना प्रविधि सचिव डा बैकुण्ठ अर्यालबाट उक्त वृत्तचित्र प्रदर्शनीको शुभारम्भ गरी तालिमको उद्घाटन भई भदौ २६ र २७ गते दुई दिवसीय श्रव्यदृश्य पत्रकारितासम्बन्धी तालिम सञ्चालन भएको । तालिममा केन्द्र र जिल्लाका समाचारदाता गरी २६ जनाको सहभागिता रहेको । तालिमका स्रोत व्यक्तिहरुमा विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, श्रव्यदृश्य सञ्चारविज्ञ महाप्रसाद लामिछाने, नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बल, रासस भिजुअल सेवाका लागि विज्ञ कम्पनीका वरिष्ठ भिडियोग्राफर विष्णु कल्पित, रासस अध्यक्ष धर्मेन्द्र झा तथा नायब महाप्रबन्धक राजु शाक्य रहनुभएको । |
| २६ | **रासस निर्वाचन आचारसंहिता लागु** | राष्ट्रिय समाचार समिति (रासस) निर्वाचन आचारसंहिता २०७९ असोज १ गतेदेखि समितिमा लागु गर्न विभागीय बैठकबाट स्वीकृत भएको । |
| २८ | **रासस महेन्द्रनगर कार्यालय निरीक्षण** | राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र प्रशासन प्रमुख शीतलप्रसाद महतोबाट रासस महेन्द्रनगर कार्यालय निरीक्षण तथा समाचारदातासँग छलफल । |
| २९ | **रासस महेन्द्रनगर कार्यालय उद्घाटन** | राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र प्रशासन प्रमुख शीतल प्रसाद महतो रासस भीमदत्तनगर कार्यालय उद्घाटनमा सहभागी र रासस सुदूरपश्चिम कार्यालय धनगढी निरीक्षण तथा अनुगमन । |
| ३० | **रासस सुदूर पश्चिम कार्यालय धनगढीमा सेवाग्राहीसँग छलफल** | राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र प्रशासन प्रमुख शीतलप्रसाद महतोबाट रासस सुदूरपश्चिम कार्यालय धनगढीमा सेवाग्राहीसँग छलफल । |
| ३१ | **रासस ऐन, २०७९ संशोधन मस्यौदा मन्त्रालयमा पेश** | राष्ट्रिय समाचार समिति ऐन, २०७९ संशोधन मस्यौदा मन्त्रालयमा पेस भएको । |
| | सवारी चालक कार्यविधी | सवारी चालक कार्यविधि, २०७९ को मस्यौदामाथि छलफल भइरहेको । |
| | रासस समाचार सेवा शुल्क निर्धारण निर्देशिका छलफल | रासस समाचार सेवा शुल्क निर्धारण निर्देशिका-२०६६ (दोस्रो संशोधन - २०७९) मस्यौदा माथि छलफल भइरहेको । |
| | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) | अर्थ, प्रशासन, नीति र योजना महाशाखाका नायब महाप्रबन्धक श्यामप्रसाद रिमाललाई समितिको सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण मस्यौदा तयार गर्न जिम्मेवारी दिइएको । |

**२०७९ भदौ महिनाको समाचार**

| क.सं. | समाचार | संख्या |
|---|---|---|
| १ | नेपाली समाचार | २,६३२ |
| २ | नेपाली खोजमूलक समाचार | २८० |
| ३ | अङ्ग्रेजी समाचार | ८७७ |
| ४ | अन्तरराष्ट्रिय समाचार अनुवाद | ४७९ |
| ५ | अन्तरराष्ट्रिय समाचार अङ्ग्रेजी | १,२१५ |
| ६ | राष्ट्रिय तस्बिर | ३,०५५ |
| ७ | अन्तरराष्ट्रिय तस्बिर | ५,११५ |
| ८ | अडियो | ५५ |
| ९ | भिजुअल क्लिप | २९२ |

RASTRIYA SAMACHAR SAMITI 2018